नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २४५ २०७९ साल बैशाख २० गते मंगलबार (3 May 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**बालविवाह सामाजिक र कानूनी अपराध हो।**

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अध्ययन भन्छ- ग्यासको खपत... ३ पृष्ठमा : तथ्याङ्कमा २०७९ सालको ... ३ पृष्ठमा दक्षिण कोरियामा २४ घन्टामा ...

# २३ राजनीतिक दलमध्ये १९ दलले मात्र पालिकाको प्रमुख पदमा उम्मेदवारी



**दैनिक समाचारदाता**
**राजविराज, १९ वैशाख ।**

स्थानीय तह निर्वाचनका लागि सप्तरी जिल्लामा २३ दलको उम्मेदवारी परेको छ। जिल्लामा ६ वटा राष्ट्रिय मान्यता प्राप्त तथा अन्य २८ दल गरि कुल ३४ दल दर्ता रहेका छन्।

सप्तरीमा सूचीकृत ३४ राजनीतिक दलमध्ये ११ दलको उम्मेदवारी नपरेको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ। जिल्लामा उम्मेदवारी दिने २३ राजनीतिक दलमध्ये १९ दलले मात्र पालिकाको प्रमुख पदमा उम्मेदवारी दिएका छन्।

निर्वाचन कार्यालयले दिएको तथ्याङ्कअनुसार सप्तरीमा सबै नगरपालिकाको प्रमुख, उपप्रमुख र गाउँपालिकाको अध्यक्ष, उपाध्यक्षमा उम्मेदवारी दिने तीन दल मात्र रहेका छन्। जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीका अनुसार नेकपा (एमाले), नेपाली कांग्रेस र जनमत पार्टीले मात्र सप्तरीको १८ वटै स्थानीय तहको प्रमुख दुई पदमा उम्मेदवारी दिएका छन्।

जनता समाजवादी पार्टी नेपालले सुरुङ्गा नगरपालिकाको उपप्रमुख पदमा उम्मेदवारी दिएको छैन। सो पालिकामा जसपाको नेकपा (माओवादी केन्द्र) सँग गठबन्धन रहेको छ।

लोकतान्त्रिक समाजवादी पार्टीले सप्तकोशी र हनुमाननगर कंकालिनी नगरपालिका, अग्नीसाइर कृष्णसवरन गाउँपालिकाको दुवै पद र बलान बिहुल गाउँपालिकाको उपाध्यक्षमा उम्मेदवारी दिन सकेको छैन। सप्तरीमा लोसपाको कुनै पार्टीसँग गठबन्धन नरहेको र आवश्यक तयारीका अभावमा तीन वटा पालिकाको प्रमुख पदमा उम्मेदवारी दिन नसकिएको लोसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झाले बताए।

माओवादी केन्द्रले चार पालिकामा प्रमुख पदमा उम्मेदवारी दिन सकेको छैन। सुरुङ्गामा जसपाको भागमा प्रमुख र खडक नगरपालिकामा एकीकृत समाजवादीको भागमा उपप्रमुख दिएर गठबन्धन गरेको माओवादीको अन्य पालिकामा गठबन्धन भएको छैन। कञ्चनरुप र सुरुङ्गा नगरपालिका, राजगढ गाउँपालिकामा प्रमुख पदमा उम्मेदवारी नदिएको माओवादीको तर्फबाट रुपनी गाउँपालिकामा अरुणकुमार साहले दिएको मनोनयन रद्द भएको छ। मतदाता परिचय पत्र भए पनि मतदाता नामावलीमा नाम नभएका कारण साहको मनोनयन रद्द भएको निर्वाचन कार्यालयले जनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले १३ पालिका प्रमुखमा र १० पालिकाको उपप्रमुख/उपाध्यक्ष पदमा उम्मेदवारी दिएको छ। राप्रपाले बोदे बर्साइन नगरपालिका तथा राजगढ, रुपनी र महादेवा गाउँपालिकामा दुवै मुख्य पदमा उम्मेदवारी दिन सकेको छैन। खडक नगरपालिकाको उपप्रमुखमा तथा विष्णुपुर र अग्नीसाइर कृष्णसवरन गाउँपालिकाको उपाध्यक्षमा राप्रपाको उम्मेदवारी परेको छैन।

नेकपा (एकीकृत समाजवादी) को १२ पालिकाको प्रमुखमा र १० पालिकाको उपप्रमुख/उपाध्यक्ष पदमा मात्र उम्मेदवारी परेको छ। डाक्नेश्वरी, हनुमाननगर कंकालिनी नगरपालिका तथा राजगढ र तिरहुत गाउँपालिकाको दुवै मुख्य पदमा नेकपा (एस)को उम्मेदवारी परेको छैन। खडक नगरपालिकाको प्रमुखमा, विष्णुपुर गाउँपालिकाको अध्यक्षमा, रुपनी, महादेवा र तिलाठी कोइलाडी गाउँपालिकाको उपाध्यक्षमा नेकपा (एस)को उम्मेदवारी परेको छैन। राजविराज नगरपालिकामा उपप्रमुखमा मनोनयन दिएकी ममता चौधरी गत विसं २०७४ को निर्वाचनमा नेकपा (एमाले)को तर्फबाट समानुपातिक बन्दसूचीमा रहेका कारण नाम दर्ता हुन पाएनन्।

एउटै व्यक्ति एकभन्दा बढी निर्वाचनमा उम्मेदवार हुन नसक्ने मान्यताका आधारमा बन्द सूचीमा नाम रहेसम्म उम्मेदवार बन्न नपाउने आयोगले पहिले नै जनाएको थियो। बन्दसूचीको नाम हटाउन सम्बन्धित राजनीतिक दलले नै सहजीकरण गरी आवश्यक प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था छ।

एमालेले तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुवै पदमा तथा जनमत पार्टीले राजविराज नगरपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा महिला उम्मेदवार बनाएको छ। जनमत पार्टीले सप्तकोशी नगरपालिकामा प्रमुख पदमा महिला उम्मेदवार खडा गरेको छ।

नेपाली कांग्रेसले सुरुङ्गा नगरपालिका प्रमुखमा महिला उम्मेदवार खडा गरेको छ। माओवादी केन्द्रले बलान बिहुल, नेकपा (एस) ले तिलाठी कोइलाडी, लोसपाले तिरहुत गाउँपालिका र नेमकिपाले रुपनी गाउँपालिकामा महिलालाई अध्यक्ष पदमा उम्मेदवार चयन गरेको छ।

# आज सार्वजनिक बिदा

काठमाडौँ, १९ वैशाख (रासस)।

सरकारले वैशाख २० गते मङ्गलबार सार्वजनिक बिदा दिएको छ।

नेपाल राजपत्रमा गत फागुन २६ गते प्रकाशित सूचनाअनुसार इस्लाम धर्मावलम्बीको पर्व इद (इद उल फित्र)का दिन सार्वजनिक बिदा दिने व्यवस्था भएबमोजिम मङ्गलबार बिदा कायम भएको गृहमन्त्रालयद्वारा सोमबार प्रकाशित सूचनामा उल्लेख छ।

**स्थानीय तह सदस्य निर्वाचन, २०७९**

**मतदान हुने मिति: वैशाख ३० गते शुक्रबार**
**मतदानको समय: बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म**

**सामाजिक संजालमा केही कुरा सेयर गर्नु अघि सावधान रहौं।**



**झुटो, भ्रामक वा हानिकारक सूचनाले निर्वाचन प्रतिको निष्ठामा हानी पुऱ्याउन सक्छ।**

**स्रोतलाई ध्यान दिने**
सूचना भन्दा बाहिर गएर समाचारको अनुसन्धान गर्नुहोस्। समाचार राखिएको वेभसाइट, प्रकाशकको लक्ष्य र सम्पर्क ठेगानाको जाँच गर्नुहोस्।

**शीर्षकमात्रै नपढ्ने**
समाचारको शीर्षक आकर्षक बनाइएको हुन सक्छ तर त्यसभित्रको समाचारमा के छ पढ्नुहोस्।

**मिति ठीक छ/छैन हेर्ने**
पहिले प्रकाशन गरिएका समाचार समय सान्दर्भिक छन् कि छैनन् ध्यानपूर्वक हेर्नुहोस्।

**ठट्टा वा व्यङ्ग्य त होइन?**
के समाचार ठट्टा वा व्यङ्ग्यको रूपमा प्रकाशन गरिएको त होइन? प्रकाशक र लेखकका बारेमा राम्रो अध्ययन गरी ढुक्क हुनुहोस्।

**लेखकका बारेमा पत्ता लगाउने**
समाचार कसले लेखेको हो, के ती लेखक सही, वास्तविक र विश्वसनीय छन् भनि यकिन गर्नुहोस्।

**प्रकाशित समाचारको स्रोत हेर्ने**
समाचारमा दिइएका सूचनाहरूलाई समावेश गरिएका स्रोतहरूले सहयोग गर्छन् कि गर्दैनन् पत्ता लगाउनुहोस्।

**पूर्वाग्रही नहुने**
के तपाईंको आफ्नो धारणा, विचार तथा पूर्वाग्रहले समाचारको बुझाईमा फरक परिरहेको त छैन। पूर्वाग्रहरहित हुनुहोस्।

**विज्ञलाई सोध्ने**
विषय विज्ञसँग छलफल गर्नुहोस्। सूचनाको सत्य-तथ्य जाँच गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एक ४९ दलित महिला सदस्यमा उम्मेदवारी परेन

काठमाडौँ, १९ वैशाख (रासस)।

आसन्न स्थानीय तह निर्वाचनमा १४९ दलित महिला सदस्यको उम्मेदवारी नै नपरेको निर्वाचन आयोगले जनाएको छ।

कूल छ हजार ७४३ दलित महिला सदस्यको उम्मेदवार हुनुपर्नेमा १४९ पदमा भने उम्मेदवारी नै नपरेको आयोगले जनाएको हो।

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# अध्ययन भन्छ- ग्यासको खपत घटाउन उपयुक्त माध्यम बन्न सक्छ इलेक्ट्रिक प्रेसर कुकर

**रमेश लम्साल**

काठमाडौँ, १९ वैशाख (रासस)।

खाना पकाउने एलपी ग्यासको मूल्य विश्वव्यापीरुपमा उकालो लागिरहेको छ। त्यसको प्रत्यक्ष प्रभाव नेपालमा पनि परेको छ। नेपाल आयल निगमले तय गरेको मूल्यअनुसार प्रतिसिलिण्डर ग्यासको मूल्य रु एक हजार ६०० पर्छ।

सोही मूल्यमा ग्यास बिक्री गर्दा पनि निगमलाई रु एक हजार ५० बराबरको घाटा परिरहेको छ। सबैभन्दा बढी घाटा निगमलाई पछिल्लो १५ दिनमा डिजेलपछि ग्यासबाट नै भएको देखिन्छ। निगमका सहप्रवक्ता पुस्कर कार्कीका अनुसार ग्यास बिक्रीबाट रु एक अर्ब ७४ करोड ५४ लाख बराबरको घाटा भएको छ।

निगमले चालू आवको नौ महिनाको अवधिमा मात्रै रु दुई खर्ब बढीको इन्धन आयात गरेको भन्सार विभागको विवरणमा उल्लेख छ। पछिल्ला दिनमा नेपालमा उल्लेख्यमात्रामा बिजुलीको पहुँचमा वृद्धि भएको छ। माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले मुलुकको ऊर्जा प्रणालीमा कायापलट नै गरिदिएको छ।

यद्यपि हिउँदको समयमा केही समस्या हुँदा औद्योगिक क्षेत्रमा भने व्यवधान पैदा भएको छ। कूल जडित क्षमता दुई हजार १५० मेगावाट बराबर पुगे पनि हिउँदमा ऊर्जा उत्पादन केन्द्रमा पानीको सतह कम हुन जाँदा कम मात्रै बिजुली केन्द्रीय प्रणालीमा प्रवाह हुन्छ।

तथापि नेपालको ऊर्जा क्षेत्रमा भएको प्रगति लोभलाग्दो देखिएको छ। चालू आवमा मात्रै प्रसारण लाइनलगायतका अन्य पूर्वाधारको विकास भएको खण्डमा एक हजार ३०० मेगावाट बराबरको बिजुली प्रणालीमा थप हुने सरकारको प्रक्षेपण छ।

सोही प्रक्षेपणका आधारमा सरकारले 'विदेशी ग्यास छाडौँ, स्वदेशी बिजुली प्रयोग बढाऔँ' भन्ने नारालाई आत्मसात् गरेको छ। सन् २०३० सम्ममा २५ प्रतिशत घरधुरीमा विद्युतीय चुल्हो प्रयोग गर्ने रणनीतिक लक्ष्य तय गरेको छ। दक्षिण एशियामा विद्युतीय चुल्होको प्रयोग तथा विद्युतीय सामग्रीको उपयोगमा नेपालको हैसियत माथि रहेको पाइएको छ।

पछिल्ला दिनमा नागरिकमा विद्युतीय चुल्होको प्रयोगमा समेत वृद्धि भएको छ। विद्युतीय सेवा पुगेका ग्रामीण बस्तीदेखि शहरी क्षेत्रमा क्रमशः विद्युतीय सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने जनचेतनामा समेत वृद्धि भएको छ।

यही वैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनमा विभिन्न राजनीतिक दलले पनि स्वच्छ ऊर्जाको प्रयोगमा अभिवृद्धि तथा विद्युतीय चुल्हो वितरणलगायतका कार्यक्रमलाई आफ्ना घोषणापत्रमा राखेका छन्।

यसले पनि स्थानीय तहमा विद्युतीय सामग्रीको प्रयोग बढाउने र विदेशी ग्यासको खपत घटाउने सरकारको नीतिलाई सम्बोधन गर्न सहयोग पुग्छ। वर्षा समयमा गत मनसुनमा मात्रै रु पाँच अर्ब बराबरको ५०० मेगावाट बिजुली खेर गएको थियो।

**स्वच्छ भान्छाका लागि विद्युतीय चुल्हो**

नेपालमा खाना पकाउनका लागि परम्परागत ऊर्जामा निर्भर हुँदा स्वास्थ्य सङ्कट बढेर गएको छ। नेपालमा धुवाँको प्रयोगबाट मात्रै वार्षिक २८ हजार बढी नेपालीको ज्यान जाने गरेको सरकारी तथा गैरसरकारी क्षेत्रको तथ्याङ्क छ। सन् २०१८ मा २४ हजार नेपालीले घरभित्र हुने वायु प्रदूषणका कारण सिर्जित रोगका कारण ज्यान गुमाउनु परेको विवरण सार्वजनिक भएको थियो। हरेक वर्ष निमोनिया, फोक्सोको क्यान्सर, दम, मुटुरोग, क्षयरोग र श्वासप्रश्वाससम्बन्धी रोगबाट हजारौँ नेपाली प्रभावित भएका छन्। त्यसबाट महिला तथा बालबालिका बढी प्रभावित भएका छन्। यो अवस्थामा सुधार ल्याउनका लागि सरकार र निजी क्षेत्र एवं गैरसरकारी संस्थाका तर्फबाट धुवाँमुक्त भान्छातर्फको अभियान अगाडि बढाइएको छ। ऊर्जाको भरपर्दो विकल्पका रुपमा विद्युतीय चुल्होको प्रवर्द्धनका लागि नीतिगत व्यवस्था भई व्यावहारिक रुपान्तरणतर्फ अगाडि बढेको छ।

सरकारले विद्युतीय चुल्हो प्रवर्द्धन गर्ने लक्ष्यका साथ विभिन्न अभियानात्मक कार्यक्रम सञ्चालन गरेपछि चैत मसान्तसम्म कूल ५९ हजार ७०६ वटा विद्युतीय चुल्हो आयात भएका छन्। ती इन्डक्सनको लागत मूल्य रु १२ करोड ३७ लाख २६ हजार बराबर छ। ती चुल्हो आयात गर्दा सरकारले रु एक करोड ७५ लाख १३ हजार बराबरको राजश्व सङ्कलन गरेको छ।

त्यस्तै जुनसुकै भाडा प्रयोग गर्न सकिने इन्फ्रारेड चुल्हो २१ हजार ६७६ वटा आयात भएको छ। ती चुल्होको आयात मूल्य रु चार करोड ६८ लाख १४ हजार छ। त्यस्तै, सरकारले रु ६६ लाख १५ हजार बराबर भन्सार शुल्क सङ्कलन गरेको छ।

नेपालको राष्ट्रिय निर्धारित योगदानअनुसार सन् २०३० सम्म २५ प्रतिशत घरधुरीमा विद्युतीय चुल्होको प्रयोग बढाउने, वन क्षेत्रलाई ४५ प्रतिशत पुऱ्याउने र शून्य कार्बन उत्सर्जन गर्ने लक्ष्य तय गरिएको छ। सोही क्रममा जनताका लागि ऊर्जा तथा वातावरण विकास संस्था (पेडा)ले उपलब्ध विद्युतीय सामग्रीमध्ये कुन सामग्री नेपालको दीर्घकालीन हितका लागि छ भनेर अध्ययन एवं पैरवी गर्दै आएको छ।

नेपालको कूल घरधुरीमध्ये ६३.३ प्रतिशतले खाना पकाउनका लागि परम्परागत स्रोतको प्रयोग गर्छन्। त्यसमा पनि ५२.४ प्रतिशत दाउरा नै प्रयोग गर्छन्। शहरी क्षेत्रमा ५३.३ प्रतिशत र ग्रामीण क्षेत्रमा ८.७ प्रतिशत जनसङ्ख्याले खाना पकाउनका लागि एलपी ग्यासको उपयोग गर्छन्।

दाउरा, एलपी ग्यास, मट्टीतेलको तुलनामा विद्युतीय चुल्होले कुनै पनि हानिकारक ग्यास उत्सर्जन नगर्ने भएकाले घरभित्रको वायुको गुणस्तर कायम गर्न पनि विद्युतीय चुल्हो उपयुक्त हुने नीति फाउण्डेशनका कार्यकारी निर्देशक मोहनदास मानन्धरको भनाइ छ।

नेपालमा विशेष गरी इन्डक्सन चुल्हो, राइस कुकर, विद्युतीय ओभन, तातो प्लेट, विद्युतीय तावा, विद्युतीय किटी, कफी मेकर, टोस्टर, इन्फ्रारेड चुल्हो, विद्युतीय प्रेसर कुकर, माइक्रोवेभ ओभन, एयर फायर, रोटी मेकरजस्ता सामग्रीको प्रयोग भइरहेको छ। खासगरी पछिल्ला दिनमा इन्डक्सन र इन्फ्रारेड चुल्होको प्रयोग बढिरहेका बेला छुट्टै विद्युतीय चुल्होसमेत प्रयोगमा आएको छ।

पेडालगायतका संस्थाको सहयोगमा सोलुखुम्बु, रौतहट, काभ्रेपलाञ्चोकलगायतका जिल्लामा विद्युतीय चुल्होको प्रयोगका सम्बन्धमा अध्ययन गरिएको र तयसबाट सकारात्मक नतिजा प्राप्त भएको प्राक्टिकल एक्सन कन्सल्टिङका पूजा शर्माको भनाइ छ। अध्ययनअनुसार एकपटक खाना पकाउनका लागि पाँच जनाको परिवारलाई दाउरा प्रयोग गर्दा १३ रुपैयाँ २९ पैसा खर्च हुने गरेको छ।

त्यस्तै एलपिजीमा १५ रुपैयाँ ३१ पेसा, इन्डक्सनमा ११ रुपैयाँ ७७ पैसा, इन्फ्रारेडमा १२ रुपैयाँ ६० पैसा र विद्युतीय प्रेसर कुकरमा छ रुपैयाँ २७ पैसा मात्रै खर्च भएको अध्ययनबाट पत्ता लागेको छ।

सो कुकरमा खाना पकाउनबाहेक खाना उमाल्ने, तार्ने, बफाउने र सुक्खा पकवान गर्ने सुविधासमेत रहेको छ। विद्युतीय प्रेसर कुकरमा झिक्न मिल्ने भित्री भाग भएकाले पनि खानेकुरा तयार पारी फेरि मुख्य भाडामा राखेर पकाउन पनि सकिन्छ। विद्युत् प्रसारण भएपछि मुख्य भाँडा तात्दछ। जसका कारण भित्र रहेको तरल पदार्थ बाफमा परिणत हुन जान्छ। बाफले प्रेसर सिर्जना गर्ने खाना छिटो पाक्छ।

इलेक्ट्रिक प्रेसर कुकरमा खाना पकाएपछि ढकनको भित्री भाग सफा गर्नुपर्छ। कुकरको खाना पकाउने भागको आधाभन्दा बढी तरल पदार्थ भर्नु हुँदैन। सामान्य प्रेसर कुकरमा झैँ यस कुकरमा पनि खाना पाक्दै गर्दा चलाउन मिल्दैन। कुकरभित्र रहेको प्रेसरलाई चाँडो निष्काशित गर्न फ्लोट भलभलाई धेरै चाँडो थिच्नु भने खतरनाक हुन सक्छ।

**विद्युतीय पूर्वाधारमा जोड**

विद्युतीय सामग्रीको प्रयोग बढाउनका लागि विद्युतीय पूर्वाधारको विकास नै प्रमुख प्राथमिकतामा रहेको छ। त्यसका लागि वितरण तथा प्रसारण प्रणालीमा सुधार, ट्रान्सफर्मरको क्षमता वृद्धि, घरको वाइरिङ तथा फ्युजको क्षमता वृद्धि गर्नु आवश्यक छ।

यस्तै नियमितरुपमा गुणस्तरीय बिजुलीको उपलब्धता पनि अर्को शर्त हो। अनियमित बिजुली तथा कम भोल्टेजको बिजुलीका कारण विद्युतीय सामग्री बिग्रन जाने भएकाले यसमा विशेष ध्यान दिइनुपर्ने अध्ययनकर्ता शर्माको भनाइ छ।

नेपालका लागि इलेक्ट्रिक प्रेसर कुकर नै सबैभन्दा उत्तम विकल्प हुनसक्ने धारणा राख्दै नीति फाउण्डेशनका कार्यकारी निर्देशक मानन्धर आगामी दिनमा यसको प्रयोगमा अझै विस्तार भएर जानेमा आशावादी हुनुहुन्छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलेसमेत विद्युतीय सामग्रीको प्रयोगका सन्दर्भमा सचेतना जगाइरहेका बेला इलेक्ट्रिक प्रेसर कुकर झनै महत्वपूर्ण हुने पेडाका प्रमुख कार्यकारी निर्देशक वीराज गौतमको भनाइ छ।

प्रविधिले हरेक दिनजसो नै नयाँनयाँ खोज गरिरहेका अवस्थामा इलेक्ट्रिक प्रेसर कुकर नेपालका लागि उपयुक्त साधन हुनसक्ने यसका प्रयोगकर्ताले बताएका छन्।


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

**(बी.एच.एम.एस)**

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

**MBBS, MS Orthopaedics (BPKIHS) Dharan**

**Fellowship in Hand Surgery (CMC Vellore)**

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

**MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan,** NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

**MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)**

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

**M.B.B.S. MD (Obstetrician and Gynaecologist)**

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# तथ्याङ्कमा २०७९ सालको स्थानीय तहको निर्वाचन

भीष्मराज ओझा
काठमाडौँ, १९ वैशाख (रासस)।

मुलुक सङ्घीय संरचनामा गएपछि दोस्रो पटक यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा ३५ हजार २२१ पदका लागि कूल एक लाख ५३ हजार २२० जनाले उम्मेदवारी दिएका छन्।

विद्यमान कानुनी व्यवस्थानुसार मुलुकमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका, ४६० गाउँपालिका र ६ हजार ७४३ वडा छन्। यी स्थानीय तहमध्ये महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा प्रमुख/उपप्रमुख, गाउँपालिकामा अध्यक्ष/उपाध्यक्ष, वडाहरुमा वडाध्यक्ष र सदस्य पदमा निर्वाचन हुँदैछ। निर्वाचन आयोगका अनुसार यही वैशाख २९ गतेसम्म १८ वर्ष पूरा भएका कूल मतदाता एक करोड ७७ लाख ३३ हजार ७२३ छन्। तीमध्ये पुरुष मतदाता ८९ लाख ९२ हजार १०, महिला मतदाताको सङ्ख्या ८७ लाख ४१ हजार ५३० र अन्य मतदाताको सङ्ख्या १८३ रहेको छ।

त्यसैगरी यस निर्वाचनका लागि १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्रको व्यवस्था गरिएको आयोगले जनाएको छ। निर्वाचनमा कूल उम्मेदवारमध्ये ९५ हजार २५३ पुरुष र ५७ हजार ९६७ महिला छन्। निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त ६ दलमध्ये नेकपा (एमाले) का ३३ हजार ५०३, नेपाली कांग्रेसका ३१ हजार ४२५, नेकपा (माओवादी केन्द्र) का २२ हजार २७९, नेकपा (एकीकृत समाजवादी) का ११ हजार ३३०, जनता समाजवादी पार्टी नेपालका नौ हजार ४८१ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका चार हजार ७६१ उम्मेदवार छन्।

त्यसैगरी यस निर्वाचनमा १२ हजार ७८९ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन्। हाल निर्वाचन आयोगमा दर्ता भएका जम्मा ८९ राजनीतिक दलमध्ये निर्वाचनमा १३ दलका उम्मेदवार शून्य छन्। आयोगका तथ्याङ्कअनुसार वैज्ञानिक समाजवादी पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी, त्रिमूल नेपाल, मितेरी पार्टी नेपाल, राष्ट्रिय विकास पार्टी, नेपालवाद, लोकदल, नेपाल आमा, समावेशी लोकतान्त्रिक, सङ्घीय खुम्बुवान, नेपाल सुकुम्वासी (लोकतान्त्रिक), नेपाल नौलो जनवाद र माओवादी जनमुक्ति पार्टी नेपालका यस निर्वाचनमा शून्य उम्मेदवार छन्।

यस निर्वाचनमा आयोगले सबै उम्मेदवारले प्रचार प्रसारलगायत चुनावी खर्च गर्न पाउने हद (रुपैयाँमा) समेत निर्धारण गरेको छ। तीमध्ये महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारलाई रु सात लाख ५० हजार, महानगरका वडाध्यक्ष र सदस्यका उम्मेदवारलाई रु तीन लाख, उपमहानगरपालिका प्रमुख र उपप्रमुखका उम्मेदवारलाई रु पाँच लाख ५० हजार, उपमहानगरपालिकाका वडाध्यक्ष र सदस्यलाई रु दुई लाख ५० हजार खर्चको हद निर्धारण गरिएको छ।

त्यस्तै नगरपालिका प्रमुख र उपप्रमुखलाई रु चार लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष र सदस्यलाई रु दुई लाख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई रु तीन लाख ५० हजार, गाउँपालिका वडाध्यक्ष र सदस्यलाई रु एक लाख ५० हजारको खर्च सीमा निर्धारण गरिएको छ।

यसपटकको निर्वाचनमा मतपत्र हरियो मसिले छपाई गरिएको छ। मतपत्रमा पहिलो क्रममा नेकपा (एमाले)को 'सूर्य', दोस्रोमा नेपाली कांग्रेसको 'रुख', तेस्रोमा नेकपा (माओवादी केन्द्र)को 'गोलाकार हँसियाँ हथौडा', चौथोमा जनता समाजवादी पार्टीको 'छाता', पाँचौमा लोकतान्त्रिक समाजवादी पार्टीको 'साइकल' र छैठौंमा नेकपा (एकीकृत समावादी)को 'कलम' रहेको छ।

हालसम्म ४९ जिल्लाका लागि ९१ लाख ११ हजार मतपत्र ढुवानी गरिएको आयोगले जनाएको छ। कर्णाली र सुदूरपश्चिमका सबै जिल्ला, प्रदेश नं १ का मोरङबाहेक सबै जिल्ला र गण्डकीको पोखरा महानगरबाहेक सबै स्थान, बागमती प्रदेशका ५ जिल्लामा मतपत्र पुगिसकेको छ। आइतबार लुम्बिनी प्रदेशका १२ जिल्लामा मतपत्र पठाइँदै छ।

काठमाडौँबाट लामो दूरीमा रहेका पूर्व र पश्चिमका अधिकांश जिल्लाहरूमा मतपत्र पुगिसकेको छ भने अन्य जिल्लाहरुमा पुग्ने क्रम जारी रहेको आयोगले जनाएको छ। मनाङ र मुस्ताङ जिल्लामा हेलिकोप्टरबाट मतपत्र ढुवानी गरिएको छ। निर्वाचन आयोगले यही वैशाख १३ गतेबाट मतपत्र ढुवानी सुरु गरेको थियो। हालसम्म छ वटा महानगर र भक्तपुर जिल्लाबाहेक ७६ जिल्लाका लागि एक करोड ८० लाख ४५ हजार मतपत्र छपाइ भइसकेको छ।

## आज इदुलफित्र

विराटनगर, १९ वैशाख (रासस)।

इस्लाम धर्मावलम्बीले मनाउने महान् पर्व इदुलफित्र मङ्गलबार मनाइँदैछ।

इदगाहमा गएर सामूहिक नमाज(प्रार्थना) गरी मनाउने यो पर्वमा मानिसले एकआपसमा अँगालो मारेर इदमुबारक (बधाई तथा शुभकामना) साटासाट गर्ने गर्दछन्।

गएको चैत २० गतेदेखि सुरु भएको रमजान सोमबार सम्पन्न हुँदैछ। एक महिनासम्म चल्ने यो पर्वमा मुसलमान दिनमा निराहार बस्छन्। रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका तोकिएको समयपछि भोजन लिने गर्दछन्। रमजान उर्दु क्यालेण्डर अनुसार हिजरी सम्वत् १४४३ हो भने रमजान नवौं महिना हो। रमजान महिनामा नै मुसलमानको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ।

दान दिनु, गरिब तथा दिन दु:खीको सेवा गर्नु र जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो। सुनसरी सोनापुरका हाजी मोहम्मद अब्दुलले रमजान महिना मुस्लिम समुदायका लागि निकै महत्वपूर्ण एवं पवित्र हो र यसमा मुसलमानका पाँच आधार स्तम्भमा हजबाहेक सबै स्तम्भ पूरा हुने जानकारी दिनुभयो।


शरीरलाई चोखो राखेर मात्र रोज बस्नुपर्छ। कुलतमा लागेका मानिस एक महिना इमान्दारिपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खा आदि पदार्थ खाने बानीमा परिवर्तन आउनसक्ने अनुमान गर्न सकिन्छ। त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमान रोजा बस्ने काम गर्वका साथ गर्ने गर्दछन्। नबालक, बिरामी, घातक रोग लागेका र गर्भवती महिलालाई भने रोजा बस्न अनिवार्य छैन। यस पर्वमा बिर्यानी, पुलाउ, सेबइ, दुग्धजन्य पदार्थ, मासुका परिकार, फलफूल आदि खाने प्रचलन छ।



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## दक्षिण कोरियामा २४ घन्टामा कोरोनाका २० हजार भन्दा बढी संक्रमित

सोल, १९ वैशाख (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा कोरोना भाइरसका सङ्क्रमित पछिल्लो २४ घन्टामा २० हजार भन्दा बढी देखिएका छन्। पछिल्लो समयमा भने यहाँ सङ्क्रमितको सङ्ख्या घटेको देखिएको छ।

गत २४ घण्टामा थप २० हजार ८४ जनामा कोरोना भाइरसको सङ्क्रमण भेटिएको बताइएको छ। अघिल्लो दिनको तुलनामा भने यो सङ्ख्या घटेको हो। अघिल्लो दिन अर्थात् शनिबार यहाँ ३७ हजार ७०० भन्दा केही बढी सङ्क्रमित थिए। योसँगै यहाँका सङ्क्रमितको सङ्ख्या एक करोड ७२ लाख जना पुगेको बताइएको छ।

पछिल्लो समयमा देखिएकामध्ये स्वदेशमै सङ्क्रमित भएका र विदेशबाट आएका व्यक्तिमा पाइएको पनि सो समाचारमा जनाइएको छ। गत मार्च महिनाको मध्यतिर यहाँ दैनिक दुई लाख भन्दा पनि बढी सङ्क्रमित देखिने गरेका थिए। अहिले भने यहाँ सङ्क्रमितको सङ्ख्या घटेको पाइएको छ।

## नाइजेरियामा बोको हरामका २२ लडाकू मारिए

लागोस, १९ वैशाख (रासस/सिन्ह्वा)।

बोको हराम विद्रोहीका विरुद्धमा यहाँस्थित बहुराष्ट्रिय सेनाले गरेको कारबाहीका क्रममा परी कम्तीमा पनि २२ जना विद्रोही मारिएका छन्।

यहाँ भएको पछिल्लो कारबाहीमा २२ जना बोको हरामका लडाकू मारिएको नाइजेरियाली सेनाले जानकारी दिएको छ। बोको हरामका विरुद्धमा यहाँको सेनाले पछिल्ला केही दिनयता कारबाही जारी राखेको छ। यसरी मारिएकामध्ये अधिकांश हवाई तथा स्थल कारबाहीमा परेका हुन्।

नाइजेरियाको रक्षा मन्त्रालयले दिएको जानकारीअनुसार ती लडाकूहरु नाइजेरियाको उत्तरी क्षेत्रमा अवस्थित बोर्नो राज्यमा भएको कारबाहीमा परेर मारिएका हुन्। पश्चिमी अफ्रिकी नेताहरुले केही महिना अघि नाइजेरियाली इस्लामिस्ट समूहले लेक चाड क्षेत्रमा गरेको हिंसात्मक हमला र हत्याका विषयमा छलफल गरेका थिए। सो क्षेत्र नाइजेरिया, चाड, क्यामरुन र नाइजरको सीमा क्षेत्रमा पर्दछ।

सो क्षेत्रमा पछिल्लो समयमा बोको हरामका लडाकू मारिएको समाचार आएको छ। यस पटकको यो कारबाही उक्त लेक चाड क्षेत्रमा नै बढी मात्रामा केन्द्रित भएको बताइएको छ। यो कारबाही रक्षात्मक रुपमा भएको नाइजेरियाली सेनाले जनाएको छ। यहाँको सेनाका अनुसार सो कारबाही जारी रहेको छ।

## इडलिबको गोलाबारीमा सिरियाली सैनिकको मृत्यु

दमास्कस, सिरिया, १९ वैशाख, (रासस-एएनआई/स्पुतनिक)।

सिरियाको इदलिब प्रान्तमा जबात अल-नुस्रा आतङ्कवादी समूहले गरेको आक्रमणमा एक सिरियाली सैनिकको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन्।

सिरियामा युद्धरत पक्षहरूको मेलमिलाप, रियर एडमिरल ओलेग झुराभलेभले सो कुरा बताएका छन्।

जबात अल-नुस्रा आतङ्ककारीले इदलिब डि-एस्केलेसन जोनमा विगत २४ घण्टामा चार पटक गोलाबारी गरेका थिए। झुराभलेभले आइतबार पत्रकारलाई बताएअनुसार 'लटाकियामा अर्को आक्रमण भएको हो। "इदलिब प्रान्तमा, मेलाजाहको बस्तीको क्षेत्रमा सरकारी सेनाको स्थानमा फत्तराह क्षेत्रका आतङ्ककारीले गरेको तोपको गोलाबारीको परिणामस्वरूप, एक सिरियाली सैनिक मारिए, एक घाइते भए," झुरावलेभले भने।

झुराभलेभले बताएअनुसार गैर-सरकारी नियन्त्रित सिरियाको इडलिब प्रान्तबाट अल्बेनियन र काकेसस मूलका लडाकु युरोपतर्फ लागेका थिए।

## बेल्जियमका कूटनीतिज्ञहरूले रुस छाडे

ब्रसेल्स, १९ वैशाख (रासस-एएनआई/स्पुतनिक)।

मस्कोमा रहेको बेल्जियम दूतावासका कर्मचारी जसलाई 'पर्सोना नन ग्राटा' घोषित गरिएको थियो। उनीहरूले आइतबार रुसको राजधानी छाडेको बेल्जियम मिडियाले जनाएको छ।

बेल्जियमको विदेश मन्त्रालयका प्रवक्ताले आइतबार बेल्गा समाचार एजेन्सीलाई भने, "दूतावासका बाह्र कर्मचारी जसविरुद्ध यो कदम चालिएको थियो बेल्जियम फर्किसकेका छन्। "कूटनीतिज्ञहरु र तिनीहरूका परिवारका सदस्यहरू मस्कोबाट फर्किएका हुन्।

परराष्ट्र मन्त्रालयका प्रवक्ताका अनुसार मस्कोमा रहेको बेल्जियमको दूतावास आफ्ना कर्मचारी कटौती भए पनि खुला रहनेछ। अप्रिलमा मस्कोका लागि बेल्जियमका राजदूत मार्क मिशिलसेनलाई बेल्जियममा रहेका रुसी विदेशी नियोगका २१ कर्मचारीलाई निकाल्ने ब्रसेल्सको निर्णयको सम्बन्धमा रुसी विदेश मन्त्रालयमा बोलाइएको थियो।

त्यसको जवाफमा रुसले मस्कोस्थित बेल्जियम दूतावासका कर्मचारीलाई सो कदम लिइने घोषणा गरेको थियो। उनीहरुलाई मे ३ सम्ममा रुस छाड्न आदेश दिइएको थियो।

# ९१ लागुऔषध कारोबारी र दुर्व्यसनीलाई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ वैशाख ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले चालु आर्थिक वर्षको हालसम्म ९१ लागुऔषध कारोबारी र दुर्व्यसनीलाई पक्राउ गरेको छ ।

पछिल्लो समय लागुऔषध नियन्त्रणमा आक्रामक तरिकाले कामलाई अगाडि बढाएको प्रहरीले लागुऔषधसम्बन्धी ८३ वटा उजुरी दर्ता उनीहरूलाई पक्राउ गरेको हो ।

उजुरी दर्ता भएकामध्ये पाँच जना आरोपित भने पक्राउ पर्न सकेका छैनन् । घरमै भण्डारण गरी लागुऔषध बिक्री गर्दै आएका बोदेबर्साइन नगरपालिका-९ देउरीका १९ वर्षीय शङ्कर यादवलाई प्रहरीले लागुऔषधसहित शुक्रबार सार्वजनिक गरेको थियो । इलाका प्रहरी कार्यालय कडरबोना सप्तरीका प्रहरी निरीक्षक बालिस्टर सिंहका अनुसार यादवको घरबाट एक हजार २५० टचाब्लेट नाइट्रोभेट-१० तथा ७५०/७५० एम्पुल डाइजेपाम, फेनारगन र नुफिन बरामद गरिएको छ ।

भारतबाट साइकलमा लागुऔषध ओसारिरहेका दुई युवालाई प्रहरीले गत पुस २३ गते पक्राउ गरेको थियो । राजगढ गाउँपालिका-६ बनैनिया बरदाही जाने भित्री सडकखण्डबाट लागुऔषधसहित विष्णुपुर गाउँपालिका-४ का २३ वर्षीय श्यामकुमार यादव र तिलाठी कोइलाडी गाउँपालिका-८ का २० वर्षीय परमानन्द महतो पक्राउ परेका थिए । उनीहरूको साथबाट ४०८ क्याप्सुल एपिएम प्रोक्सिभन, चार बोतल डाइलेक्स डिसी र चार टचाब्लेट नाइट्राभेट-१० बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अविनारायण काफ्लेले जानकारी दिएका छन् ।

सप्तरीबाट काठमाडौं लैजान ठीक पारेको दुई हजार १०० टचाब्लेट नाइट्रोभेट-१०, एक सय मिलिग्रामको ३९९ बोतल डाइलेक्स डिसी सिरफ र २८८ क्याप्सुल प्रोक्सीभोन प्रहरीले राजविराज-२ स्थित गुलाब ग्यारेजमा राखिएको ना८ख ५८३७ नम्बरको विशाल मेट्रो बसबाट गत पुस १० गते बरामद गरेको थियो । लागुऔषधका पटके आरोपित सोही बसका सहचालक कञ्चनरूप नगरपालिका-८ का सञ्जय भुजेल र बोदेबर्साइन - ५ जाँजरका २१ वर्षीय अब्दुल मियाँलाई पक्राउ गरेको थियो ।

ठूलो परिमाणका कारोबारीसँगै प्रहरीले दुर्व्यसनी र ओसारपसारमा संलग्नलाई पक्राउ गर्न थालेपछि सप्तरी प्रहरीका हिरासत कक्ष अहिले लागुऔषधका आरोपितहरूले भरिएका छन् । जिल्ला प्रहरी कार्यालय र मातहतको 'क' श्रेणीका तीन इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका अधिकांश लागुऔषध आरोपित रहेको प्रहरीले जनाएको छ ।

बरामद भएका लागुपदार्थको परिमाण र उजुरी दर्ता पनि बर्सेनि बढ्दै गएको छ । प्रहरीले आर्थिक वर्ष ०७६/०७७ मा लागुऔषधसम्बन्धी ५१ उजुरी दर्ता गरी ७१ जनालाई पक्राउ गरेको थियो । ती मध्ये तीन जना अझै फरार छन् ।

यस्तै आर्थिक वर्ष ०७७/०७८ मा ८८ उजुरी दर्ता गरी १५३ जनालाई पक्राउ गरेको थियो । ती मध्ये नौ जना फरार छन् । खुला सिमानाको फाइदा उठाउँदै पर्याप्त मात्रामा लागुऔषध छिमेकी मुलुक भारतीय सीमाबाट प्रवेश हुने गरेको प्रहरी अधिकारीहरू बताउँछन् । प्रहरी उपरीक्षक काफ्लेका अनुसार पैदल, साइकल, अटो रिक्सा, मोटरसाइकललगायतमा लोड गरी लागुऔषध भारतबाट सप्तरी भित्रिने र बसमार्फत हेटौँडा, काठमाडौं, पोखरासम्म पुग्ने गरेको बताए ।

लागुऔषध नियन्त्रण ऐन, २०३३ अनुसार लागुऔषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम वा तयारी अफिम, औषधोपयोगी अफिम, कोकाको झारपात, अफिम वा कोकाको सार तत्व मिश्रण वा लवणसमेत मिलाइ तयार गरिने पदार्थ र सरकारले तोकिदिएको प्रकृतिक तथा कृतिम लागुऔषध बुझिने प्रहरीले जनाएको छ ।

कानुनले लागु पदार्थको अवैध ओसारपसार, सञ्चय तथा प्रयोग गर्न बन्देज लगाएको छ । लागुऔषध (नियन्त्रण) ऐन २०३३ अनुसार लागुऔषध दुर्व्यसनीलाई दुई महिनासम्म कैद र रु दुई हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । दुर्व्यसनीबाहेक अन्य निषेधित कार्य गर्नेलाई दुई वर्षदेखि १० वर्षसम्म कैद र रु एक लाखदेखि २० लाखसम्म जरिवाना हुने व्यवस्था रहेको प्रहरी उपरिक्षक काफ्लेले जानकारी दिए ।

आफ्नो घर, जग्गा वा सवारीमा निषेध गरिएको काम गर्न अनुमति दिनेलाई छ महिनादेखि पाँच वर्षसम्म कैद वा रु दश हजारसम्म जरिवाना हुनेछ । घर, जग्गा वा सवारी धनीले नै अपराध गरेकोमा वा अपराध गर्न अनुमति दिएकोमा त्यस्तो घर, जग्गा वा सवारीसमेत जफत हुनसक्ने व्यवस्था छ । प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले लागुऔषध नियन्त्रणमा सप्तरी प्रहरी आक्रमक शैलीमा लागेको बताए ।

नेपालसरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं. १२५२६

**निर्वाचन आचार संहिता पालना गर्ने सम्बन्धमा अत्यन्त जरुरी सूचना**

यही मिति २०७९ साल बैशाख ३० गते हुन गईरहेको स्थानीय तहको निर्वाचन स्वच्छ, निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा भयरहित वातावरणमा सम्पन्न गर्न राज्यका संघ, प्रदेश र स्थानीय तहका सबै अंगहरु, राजनीतिक दल, आम संचार माध्यमहरु, उम्मेदवारहरु, नागरिक समाज एवं आम नागरिकको अहम भूमिका रहन्छ ।

यसै सिलसिलामा निर्वाचन आयोगबाट जारी निर्वाचन आचार संहिता, २०७८ मा भएका देहायका व्यवस्थाहरु उलंघन भएको गुनासो प्राप्त भैरहेको हुँदा सो नगर्नु/ गराउनुहुन राजनीतिक दल, उम्मेदबार एवं आम नागरिकलाई अनुरोध गर्दै सो गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही भई जाने व्यहोरा जानकारी गराईन्छ ।

- जुलुस वा आमसभामा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने ।
- कुनै पनि उम्मेदबारहरुले आफ्ना कार्यालय बाहेकाका स्थानमा झण्डा, दल वा उम्मेदबारको चुनाव चिन्ह कुनै पनि डिजिटल बोर्ड फ्लेक्ट, प्रदर्शन गर्न नहुने ।
- दलको झण्डा वा दल वा उम्मेदबारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न गराउन नहुने ।

२०७९/१/१९
सहायक प्रमुख जिल्ला अधिकारी


## निर्वाचन आचार संहिता २०७८मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरु:

**निर्वाचन आचार संहिता राजनीतिक दल, उम्मेदवार लगायत गैरसरकारी संस्था, विद्यालय समेतलाई लागू हुने**

परिच्छेद १ दफा ३ त र थ अनुसार यो आचार संहिता गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी समेतलाई लागू हुने ।

**निर्वाचन प्रचार प्रसारमा बालबालिकालाई प्रयोग गर्न नहुने**

परिच्छेद २ को दफा ४ छ अनुसार सबैले पालना गर्नु पर्ने आचरण अन्तरगत १८ वर्ष पुरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने

परिच्छेद ४ को दफा १२ ट अनुसार राजनीतिक दल, उम्मेदवार तथा दलका भातृसंगठनले निर्वाचन प्रचार प्रसार, आम सभा तथा जुलुसमा १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई प्रयोग गर्न वा गराउन नहुने

**निर्वाचन प्रचार प्रसारमा विद्यालय प्रयोग गर्न नहुने**

१० परिच्छेद २को दफा ४ ग अनुसार कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धि भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने

३० परिच्छेद ३ को दफा ९ क,ग, छ, ज, अनुसार सामुदायिक विद्यालय तथा शिक्षकहरुले पालना गर्नु पर्ने आचरण अन्तर्गत कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, विद्यालयको सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने , राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**निर्वाचन प्रचार प्रसारमा गैरसरकारी, सरकारी तथा निजी संस्था, पदाधिकारीको प्रयोग हुन नहुने**

परिच्छेद ३ को दफा ११ अनुसार गैरसरकारी तथा निजी संस्थाका पदाधिकारी, कार्यरत कर्मचारीहरुले कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले जुनसुकै माध्यमबाट दिन सक्ने**

परिच्छेद ९ को दफा ३५ अनुसार आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, आचारसंहिता अनुगमन समिति, टोली वा अनुगमन अधिकृतलाई उजुरी दिन सक्ने ।

उजुरीकर्ताले चाहेमा निजको नाम नामेशी गोप्य रहने ।

निर्वाचन आचारसंहिता २०७८ मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरुबारे
विद्यालय, शिक्षक, अभिभावक, राजनीतिका दल, उम्मेदवार तथा दलका भातृसंगठन
र बालबालिका समेतलाई सचेत गराऔं
निर्वाचन आचारसहिता पालना भए नभएको अनुगमन गरौं
उल्लङ्घन भएको पाइएमा उजुरी गरौं

Save the Children



## डढेलोबाट बचौ र बचाऔ ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔ,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*